भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल

# भिमाद नगरपालिका क्षेत्रधिकार भित्रको नदिजन्य पदार्थ ((ढुंगा, गिटी, बालुवा आदी) उत्खनन् तथा बिक्री सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र पुनः आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७५।०७।०७

स्थानिय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एंव भिमाद नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम आ.व.२०७५।०७६ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी भिमाद नगरपालिका क्षेत्र अन्तरगत पर्ने देहायका शिर्षकहरुमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र /स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु पेस गरी रितपुर्वको गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| ठेक्का नम्बर | विवरण | न्यूनतम अंक (कर बाहेक) | शिलबन्दी दरभाउ पत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ३/०७५-०७६ | तल्लो दब्ल्याङ्ग/सेती नदि दायाँबायाँ किनारा | ७,४२,०००।- | रु.१०००।- (एक हजार) | कबोल अकको कम्तीमा ५% | १५ दिन भित्र |
| ७/०७५-०७६ | कसेनी | १२,१०,५००।- | रु.१०००।- (एक हजार) | कबोल अकको कम्तीमा ५% | १५ दिन भित्र |
| ९/०७५-०७६ | झकास | १९,०२,०००।- | रु.१०००।- (एक हजार) | कबोल अकको कम्तीमा ५% | १५ दिन भित्र |

<u>शिलबन्दी दरभाउ सम्बन्धी शर्तहरु:</u>

१. शिलबन्दी दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरि यस कार्यालयको राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ। यस कार्यालयको एन.आई.सि.एसिया बैंक भिमादमा रहेको धरौटी खाता च.हि.नं. **A7CA500649524004** मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ । यस कार्यालयबाट खरिद भएका शिलबन्दी दरभाउपत्र फारमहरु भरी शिलबन्दी गरी १६ औ दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ नियमानुसार दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा शिलबन्दी दरभाउ दाताहरु समेतको रोहवरमा खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाताहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन।

२. यस कार्यालयबाट प्रमाणित भएको शिलबन्दी दरभाउ पत्र फाराम शिलबन्दी दरभाउपत्रदाता स्वयम वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नंम्बर/मु.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७३।०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

४. शिलबन्दी दरभाउपत्र फारम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कबोल अंकको कम्तीमा ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि.एसिया बैंक भिमादमा रहेको धरौटी खाता च.हि.नं.

प्रमुख प्रशासकीय अधिकृत

**A7CA500649524004** मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैक जमानी पत्र गोप्य शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

५. यस पुर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन, तर शिलबन्दी दरभाउपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा शिलबन्दी दरभाउपत्र पेश गर्न कुनै बाधा पर्नेछैन ।

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि शिलबन्दी दरभाउपत्रदाताले मान्यता प्राप्त वाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा २०७६ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको बैक जमानी पत्र परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

७. स्वीकृत ठेक्का अंकलाई ३ तीन किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% र तेस्रो किस्ता २५% मध्ये पहिलो किस्ता ५०% सम्झौताको बखत दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैकबाट २०७६ श्रावण मसान्त सम्म मान्य हुने बैक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । बाँकी ५०% रकमको किस्ता सम्झौता समय भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

८. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर(VAT) १३% र अग्रीम आयकर वापतको १.५% कुल रकम कायम गरि सम्झौता गरिनेछ ।

९. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाएमा ५% छुट हुनेछ।

१०. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन ।

११. पेश भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. शिलबन्दी दरभाउपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र शिलबन्दी पत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट लेखुपर्नेछ ।

१३. प्राकृतिक साधन उपयोग तथा बिक्रि कर असुल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ ।

१४. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागि लोडर, डोजर, एक्साभेटर, जे.सि.वि र ६ टायर भएका भन्दा ठुला हेभी उपकरणहरु प्रयोग गर्न पाइने छैन ।

१५. ढुंगा, गिटी, बालुवा, दहत्तर, बहत्तरको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहुदासम्म गर्न पाईने छैन ।

१६. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा निश्चित तोकिएको एउटै बाटो प्रयोग गर्नुपर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो न.पा. कार्यालयको निर्देशनमा शिलबन्दी दरभाउपत्रदाताले मर्मत सुधार गर्नुपर्ने छ।

१७. स्थानीयस्तरका प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समिताद्धारा संचालन हुने सार्वजनिक विकास निर्माण आयोजनका लागि प्राकृतिक स्रोत साधनको मुल्य प्रावधिक स्टिमेटमा घटाईएको भए यस कार्यालयको सिफारिसमा निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

१८. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरिने नदिजन्य पदार्थको निकासी कर सम्बन्धित डिपोमा बुझाउनु पर्नेछ।

१९. पानीले भिजेको र पानी चुहाएर ढुंगा, गिटी, बालुवा, दहत्तर, बहत्तर बोकेर ढुवानी साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

२०. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून विलकारी ढुवानी साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

२१.नेपाल सरकारको मौजुदा कानूनी व्यवस्था अनुसार आषाढ, श्रावण, भाद्र १५ गते सम्म २ महिना १५ दिन नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाइने व्यवस्था भएकाले सो को पूर्णरुपले पालना गर्नुपर्नेछ।

२२.उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनार वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाइने छैन त्यसका लागि शिलबन्दी दरभाउ पत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नुपर्नेछ ।

२३.कुनै पनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। नदिजन्य पदार्थ उत्खनन् संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा शिलबन्दी दरभाउपत्र दाता स्वयंमले व्यवस्थापन गर्नुपर्नेछ ।

२४.माथि उल्लेखित शर्तहरु उल्लघंन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइने छ साथै अशुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्ति समेत जोडी सरकारी बाकी सरह असुल उपर गरिनेछ।

२५.विस्तुत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५७२४३६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ साथै यस कार्यालयको website www.bhimadmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत